# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक २१ | काठमाडौं | सोमबार, ३१ वैशाख २०८१ | Prabhab National Daily | Monday, May 13, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


'सेक्युरिटी प्रेस' खरिदमा अनियमितता

## शृंखलाबद्ध भ्रष्टाचारमा विकल, तेस्रोपटक मुद्दा दायर

■ जेबी योञ्जन



**काठमाडौं–** सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल शृंखलाबद्ध भ्रष्टाचारकाण्डमा मुछिएका छन्। उनीविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले लगातार विशेष अदालतमा मुद्दा दायर गरिरहेको छ। आइतबार उनीविरुद्ध अख्तियारले तेस्रोपटक भ्रष्टाचार मुद्दा दायर गर्‍यो।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार सुरक्षण मुद्रणका उपकरण खरिदमा उनीसमेतले अनियमितता गरेको अनुसन्धानको क्रममा देखिएपछि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको हो। उनीसँगै राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठसहित छ जना र कम्पनीउपर भ्रष्टाचार मुद्दा दायर गरिएको पनि घिमिरेले जानकारी दिए।

पौडेललगायतविरुद्ध अख्तियारले ४० करोडभन्दा बढी बिगो माग गरेको छ। अनुसन्धानका क्रममा सुरक्षण मुद्रण केन्द्र काठमाडौंले सुरक्षण प्रेसको सफ्टवेयर तथा अन्य उपकरण खरिदका लागि बोलपत्र आह्वान गर्दा सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुनअनुसार हुनुपर्नेमा केही सीमित व्यक्ति विशेष वा कम्पनीसँग मिल्ने तथा स्वस्थ प्रतिस्पर्धा नहुनेगरी भएकोले नेपाल सरकारको सम्पत्ति गैरकानुनी तवरले हानिनोक्सानी गरिएको पाइएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। अख्तियारले उक्त कार्यमा सरकारी रकमको दुरूपयोग गरेको पाइएको पनि जनाएको छ।

यसअघि ९ वैशाखमा अख्तियारले अमेरिकी स्थायी आवासीय अनुमतिपत्र लिएको आरोपमा पौडेलविरुद्ध विशेष अदालतमै भ्रष्टाचार मुद्दा दायर गरेको थियो। विदेशी अवासीय अनुमति पत्रधारीले नेपालको कुनै पनि सार्वजनिक पदमा रहन नपाउने कानुनी व्यवस्था छ। त्यसविपरीत पौडेल केन्द्रको कार्यकारी निर्देशक बने। यही अभियोगमा अख्तियारले मुद्दा दायर गरेको हो। पौडेल दुई कार्यकालसम्म केन्द्रको कार्यकारी निर्देशक र एकपटक राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक बनेका थिए। पछिल्लोपटक सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक रहेकै बखत अख्तियारले ३ वैशाख २०८० मा सेक्युरिटी प्रिन्टिङ प्रेसको उपकरण खरिदमा भ्रष्टाचार अभियोगमा अख्तियारले मुद्दा दायर गरेको थियो। पौडेलको यो मुद्दा पनि किनारा लाग्न बाँकी छ।

(क्रमशः पृष्ठ २ मा)

- **पहिलो मुद्दा**ः पावर सिस्टम इन सेक्युरिटी प्रिन्टिङ प्रेस एण्ड प्रेसराइज्ड फ्युल स्टोरेज ट्यांकको खरिदमा बद्नियत, ६९ करोडभन्दा बढी बिगो माग
- **दोस्रो मुद्दा**ः अमेरिकी स्थायी आवासीय अनुमति पत्रधारी भए पनि नेपालको सार्वजनिक पद ओगटेर भ्रष्टाचार
- **तेस्रो मुद्दा**ः सुरक्षण मुद्रणका उपकरण खरिदमा विकलसहित छ जना अनियमितता संलग्न भएको दाबी, ४० करोड बिगो दाबी

सहकारी ठगी प्रकरण

# संसदीय छानबिन समिति बनाउन प्रधानमन्त्री 'सकारात्मक'



नीति तथा कार्यक्रमलाई अन्तिम रूप दिएर राष्ट्रपतिलाई भेटेको हुँ। नेपाली कांग्रेसका नेताहरूसँग सदन खुलाउने विषयमा गम्भीर कुरा भयो संकटग्रस्त सहकारीका समस्या समाधानका लागि रविजी पनि सहमत हुनुहुन्छ।

■ **पुष्पकमल दाहाल**
**प्रधानमन्त्री**



प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले उठाएको विषय कानुनसम्मत छैन। कांग्रेसले समितिका नाममा सरकार माग गरेको हो। यो माग पूरा गर्न असम्भव छ।

■ **महेश बर्तौला**
**प्रमुख सचेतक, नेकपा एमाले**



बल सरकारको कोर्टमा छ। सरकारले कसरी डिल गर्छ त्यसमा संसद्को कामकारबाही भर पर्छ।

■ **रमेश लेखक**
**प्रमुख सचेतक, नेपाली कांग्रेस**

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले सहकारीको रकम अपचलन प्रकरणमा संसदीय छानबिन समिति बनाउन पहल सुरु गरेका छन्। समिति नबने प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले सदन अवरुद्ध पार्ने देखिएपछि प्रधानमन्त्री दाहाल समिति बनाउने पहलमा लागेका हुन्।

आइतबारमात्र प्रधानमन्त्री दाहालले नेपाली कांग्रेसका शीर्ष नेता र राष्ट्रपति रामचन्द्र पौडेलसँग बेग्लाबेग्लै छलफल गरे। प्रधानमन्त्री दाहालले सरकारको नीति तथा कार्यक्रम आउनुअघि नै समिति गठन गरेर समस्याको समाधान गर्ने तयारीमा आफू लागेको बताएका छन्।

गृहमन्त्री रवि लामिछानेसमेत यसबारे समिति बनाउन सहमत रहेको प्रधानमन्त्री दाहालको भनाइ छ। 'नीति तथा कार्यक्रमलाई अन्तिम रूप दिएर राष्ट्रपतिलाई भेटेको हुँ। भोलि बिहान अन्तिम कपी मुख्यसचिवले बुझाउनुहुन्छ। नेपाली कांग्रेसका नेताहरूसँग सदन खुलाउने विषयमा गम्भीर कुरा भयो,' दाहालले भने, 'संकटग्रस्त सहकारीका समस्या समाधानका लागि रविजी पनि सहमत हुनुहुन्छ।' राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका उपप्रधान तथा गृहमन्त्री लामिछानेले विभिन्न सहकारीमा रकम अपचलन गरेको आरोपमा कांग्रेसले छानबिन समिति माग गर्दै सदन अवरोध गर्दै आएको छ। शुक्रबार बजेट अधिवेशनको पहिलो दिन पनि कांग्रेसले सदन अवरुद्ध पारेको थियो।

यता सरकार भने जेठ १ मा जसरी पनि नीति तथा कार्यक्रम प्रस्तुत गर्न बाध्य देखिएको छ। त्यसैले गतिरोध अन्त्यका लागि प्रधानमन्त्री दाहाल सक्रिय देखिएका हुन्। दाहालले मंगलबार बिहानसम्म गतिरोध अन्त्य हुने दाबी गरे। 'संसद्को गतिरोध अन्त्य गर्ने विषयमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका शीर्ष नेतासँग म संवादमा नै छु, भोलि बेलुकका अथवा पर्सि बिहानसम्म संसद्को गतिरोध अन्त्य हुन्छ,' आइतबार साँझ भरतपुर विमानस्थलमा सञ्चारकर्मीसँग दाहालले भने।

(क्रमशः पृष्ठ २ मा)

### के होला नीति तथा कार्यक्रम ?

सरकारले नीति तथा कार्यक्रम प्रस्तुतिका लागि जेठ १ गते दिउँसो सदनको संयुक्त बैठक बेलाएको छ। कांग्रेस सदन अवरोधमा उत्रेसँगै नीति तथा कार्यक्रम के होला भन्ने प्रश्न उठेको छ। राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा नीति तथा कार्यक्रम प्रस्तुत हुन लागेकोले कांग्रेसले अवरोध नगर्ने सत्ता पक्षका नेताहरूको भनाइ छ।

(क्रमशः पृष्ठ २ मा)

## उपेन्द्र सरकारबाट बाहिरिने, मधेसको नेतृत्व पनि गुमाउँदै

**काठमाडौं (प्रस)–** पार्टी फुटेपछि १२ सांसदबाट पाँच सांसदमा सीमित जनता समाजवादी पार्टी (जसपा) नेपाल सरकारबाट बाहिरिने भएको छ। आज बस्ने केन्द्रीय समितिको बैठकबाट यसको औपचारिक निर्णय गरिने पार्टीका उपमहासचिवसमेत रहेका सांसद प्रकाश अधिकारीले बताए। 'सोमबार बिहान ११ बजे बस्ने केन्द्रीय समितिको बैठकले यसबारे निर्णय गर्नेछ,' अधिकारीले भने।



प्रधानमन्त्री पुष्पकमल दाहालले आइतबार दिउँसो बालुवाटारमा बोलाएर जसपा अध्यक्ष उपेन्द्र यादवलाई उपप्रधानसहित स्वास्थ्य तथा जनसंख्यामन्त्रीबाट राजीनामा दिन सुझाएका थिए। गत वैशाख २४ गते उपेन्द्र अमेरिकामा छँदै अशोक राईको नेतृत्वमा नयाँ दल दर्ता भएको थियो। यो सँगै यादवको मन्त्री पद धरापमा परेको हो।


अमेरिकाबाट फर्केपछि यादवले तत्काल सरकार नछाड्ने बताएका थिए। अशोक नेतृत्वको जसपालाई सरकारमा भित्र्याउने भएपछि यादवले आज राजीनामा दिने बताइएको छ। यो सँगै जसपाले मधेस प्रदेशको नेतृत्व पनि गुमाउने भएको छ। मधेसमा नेकपा एमाले र माओवादी केन्द्रले आइतबार नै सरकार छाडेको छ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## नौ महिनामा भित्रियो १० खर्ब ८२ अर्ब रेमिट्यान्स

■ प्रभाव संवाददाता




**काठमाडौं–** चालु आर्थिक वर्षको नौ महिनामा झण्डै ११ खर्ब रेमिटचान्स (विप्रेषण) भित्रिएको छ। वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले गत वर्ष साउनदेखि चैत मसान्तसम्मको अवधिमा उक्त रकम मुलुकमा पठाएका हुन्।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार उक्त अवधिमा १० खर्ब ८२ अर्ब ६२ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ। यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.८ प्रतिशतले बढी हो। अघिल्लो आवमा भने यस्तो वृद्धिदर २४.२ प्रतिशत थियो। यद्यपि, वृद्धिदर घटे पनि समग्र रकम बढेको छ। राष्ट्र बैंकका अनुसार चैत महिनामा मात्रै एक खर्ब २१ अर्ब ४० करोड विप्रेषण भित्रिएको छ। चालु आवमा मासिकरूपमा औसत एक खर्ब २० अर्ब १० करोड रूपैयाँको हाराहारीमा विप्रेषण भित्रिरहेको देखिएको छ। गत आवमा मासिक रूपमा औसत १०१ अर्ब विप्रेषण भित्रिएको थियो।

चालु आर्थिक वर्षको यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या तीन लाख २९ हजार ३२२ जना रहेको तथ्यांकमा उल्लेख गरिएको छ। साथै, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा दुई लाख १२ हजार ७२१ जना रहेका छन्। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः तीन लाख ८७ हजार ८३९ र दुई लाख १७ हजार ९५९ रहेको थियो। तथ्यांकअनुसार श्रम स्वीकृति लिने दुवैतर्फका संख्या घटेका छन्।

समीक्षा अवधिमा अमेरिकी डलरमा हुने खुद ट्रान्सफर गत आवभन्दा १७.७ प्रतिशतले वृद्धि भई आठ अर्ब १५ करोड पुगेको प्रतिवेदनमा उल्लेख छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १३.९ प्रतिशतले बढेको थियो। मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको विभिन्न अध्ययनले देखाएको छ। विप्रेषणकै कारण विदेशी मुद्रा सञ्चितिसमेत बढेको राष्ट्र बैंकले उल्लेख गरेको छ। मुलुकमा रोजगारीको पर्याप्त अवसर नहुँदा दैनिक करिब दुई हजारको संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा गइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ। यसरी विदेशिने श्रमिकहरूले पठाउने रेमिटचान्सबाटै मुलुकको अर्थतन्त्र धानेको छ।

पछिल्लो समय सरकारले जिटुजी सम्झौतामार्फत रोमानिया, जर्मनी र जापानमा कामदार पठाउने बाटो खुला गरे पनि अपेक्षित रूपमा नेपालीहरू जान नपाएका कारण रेमिटचान्समा बढोत्तरी हुन नसकेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन्। यद्यपि मलेसिया तथा खाडी मुलुक गएका नेपाली श्रमिकले पठाएको रेमिटचान्सबाटै विदेशी मुद्रा सञ्चिति बढेको उनीहरूको भनाइ छ।

### इजरायलमा केयर गिभर पठाउन खुला

**काठमाडौं (प्रस)–** सरकारले इजरायल र इरानबीच उत्पन्न भएको द्वन्द्व मत्थर भएसँगै इजरायलस्थित दीर्घकालीन स्याहार केन्द्रका लागि नेपाली सहायक कामदार पठाउन सुरु गरेको छ। वैदेशिक रोजगार विभागले पछिल्लो समय इजरायल जान नाम निस्केका कामदारहरूलाई मागबमोजिम करार सम्झौताका लागि आह्वान गर्ने र भिसा प्राप्त गरेकाहरूलाई उडानका लागि आवश्यक तयारी गर्नसमेत सूचना जारी गर्न थालेको छ।

विभिन्न मितिमा करार सम्झौता गरी भिसा पाएकामध्ये झण्डै ६० जना आगामी जेठ दोस्रो साता इजरायल जाने तयारी अवस्थामा रहेको विभागले जनाएको छ। इरान र इजरायलबीचको सम्भावित द्वन्द्वका कारण सुरक्षा चुनौती थपिएकाले नेपालीलाई केही समय इजरायल जान रोक लगाइए पनि हाललाई खुला गरिएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए।

'द्वन्द्वका कारण इजरायल रोजगारी प्रभावित हुन्छ कि भन्ने थियो,' उनले भने, 'सुरक्षा चुनौती नभएपछि दोस्रो चरणमा बाँकी रहेका ४२५ जनालाई लैजान इजरायलबाट माग भएपछि करार सम्झौता अघि बढाइएको हो।' दीर्घकालीन स्याहार केन्द्रमा केयर गिभरको रूपमा काम गर्न जान छनोटमा परेर पनि एक वर्षसम्म जान नपाएका नेपालीसँग दुई वर्षपछि इजरायलले श्रम सम्झौता गर्न थालेको विभागले जनाएको छ। यसअघि जिटुजीमार्फत केयर गिभरमा काम गर्न एक हजार १०० जनाभन्दा बढी नेपाली इजरायल पुगिसकेको विभागको तथ्यांक छ।



पृष्ठ १ बाट क्रमशः

## संसदीय छानबिन...

### कांग्रेसको अल्टिमेटम दिउँसो २ बजेसम्म

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि संसदीय छानबिन समिति बनाउन सरकारलाई सोमबार दिउँसोसम्मको अल्टिमेटम दिएको छ । प्रधानमन्त्री दाहालसँग आइतबार बिहान भएको भेटमा कांग्रेस सभापति शेरबहादुर देउवाले सोमबार दिउँसो २ बजेसम्मका लागि अल्टिमेटम दिएका हुन् ।

बैठकको सुरुमै सदन सञ्चालन सहज बनाउनका लागि प्रधानमन्त्री दाहालले कांग्रेसलाई लचक भइदिन आग्रह गरेका थिए । तर कांग्रेसले आफ्नो माग कुनै पनि हालतमा नछाड्ने अडान लिएको छ । र, सभापति देउवाले सोमबार दिउँसोसम्मका लागि अल्टिमेटम दिएका हुन् । 'संसदीय छानबिन समिति हाम्रो अडान हो । हामी भोलि २ बजेसम्म पर्खन्छौं,' बैठकमा देउवाको भनाइ उद्धृत गर्दै एक नेताले भने । बैठकमा कांग्रेसका तर्फबाट सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, प्रमुख सचेतक लेखकलगायत सहभागी थिए ।

त्यसपछि प्रधानमन्त्री दाहालले संसदीय समिति बनाउन आफू सकारात्मक रहेको बताएका थिए । तर नेकपा एमाले संसदीय छानबिन समितिको पक्षमा नरहेको बताएको दाहालको दाबी थियो । ६१ किलो सुन प्रकरणमा उच्चस्तरीय छानबिन समिति माग्दा कांग्रेसले एमालेको माग लामो समय वेवास्ता गरेको थियो । एमालेले यही बदला लिन चाहेको देखिएको माओवादी-कांग्रेसको संयुक्त बुझाइ बैठकमा देखिएको बताइएको छ ।

बैठकपछि कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने बैठक सकारात्मक भएको दाबी गरे । 'प्रधानमन्त्री छानबिन समिति बनाउन सकारात्मक हुनुहुन्छ,' लेखकले भने । प्रधानमन्त्रीको सचिवालयले भने अर्को बैठक बस्ने गरी बैठक निष्कर्षविहीन भएको जनायो ।

कांग्रेसले प्रधानमन्त्री दाहाललाई दिएको समयसीमा सकिनसाथ संसदीय दलको बैठक डाकेको छ । सदन सञ्चालन सहज बनाउने सभामुख देवराज घिमिरेले पनि आइतबार दिउँसो सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा प्रमुख सचेतकहरूसँग छलफल गरेका छन् । बैठकमा कांग्रेसको तर्फबाट प्रमुख सचेतक लेखक सहभागी थिए । उनले संसदीय छानबिन समिति कांग्रेसको बटमलाइन भएको अडान लिएका थिए । बैठकमा सहभागी प्रमुख सचेतकहरूले सभामुख घिमिरेको प्रस्तुतिलाई लिएर आलोचनासमेत गरेका थिए ।

यता एमाले भने प्रधानमन्त्री दाहालले छलफलविनै कांग्रेससँग बैठक राखी समितिको माग पूरा गर्न लागेकोमा सशंकित देखिन्छ । सभामुखसँग छलफलपछि एमाले प्रमुख सचेतक महेश बर्तौलाले कांग्रेसले आत्महत्या गर्न खोजे पनि छानबिन समिति बनाउन नसकिने बताए । 'प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले उठाएको विषय कानुनसम्मत छैन । कांग्रेसले समितिका नाममा सरकार माग गरेको हो,' एमाले प्रमुख सचेतक बर्तौलाले सभामुखसँगको छलफलपछि भने, 'यो माग पूरा गर्न असम्भव छ । संसदीय छानबिन समिति कांग्रेसले आत्महत्या नै गर्न खोजे पनि बन्दैन ।

■■■

## के होला...

'नीति तथा कार्यक्रम सम्माननीय राष्ट्रपतिको आह्वानमा हुन लागेकोले कांग्रेसले अवरुद्ध पार्छ भन्ने लाग्दैन,' एमालेका प्रमुख सचेतक बर्तौलाले भने । प्रधानमन्त्री दाहालले राष्ट्रपतिबाट सदनको संयुक्त बैठकमा जेठ १ गते नै नीति तथा कार्यक्रम प्रस्तुत हुने विश्वास व्यक्त गरे । कांग्रेस भने यसको जिम्मेवारी सरकारले नै लिनुपर्ने अडानमा देखिन्छ । 'बल सरकारको कोर्टमा छ । सरकारले कसरी डिल गर्छ त्यसमा संसद्को कामकारबाही भर पर्छ,' कांग्रेसका प्रमुख सचेतक लेखकले भने ।

## उपेन्द्र सरकारबाट...

मधेसमा एमालेको नेतृत्वमा नयाँ सरकार गठनका लागि आज प्रदेश प्रमुखसमक्ष चार दलले दाबी पेस गर्ने भएका छन् । यहाँ एमाले सबैभन्दा ठूलो दल हो । एमाले संसदीय दलका नेता सरोजकुमार यादव नेतृत्वमा नयाँ सरकार बनाउने टुंगो लागेको छ । नयाँ सरकार गठनका लागि प्रदेश प्रमुख सुमित्रा भण्डारीसमक्ष दाबी पेस गरिने एमाले केन्द्रीय सदस्य सञ्जिव झाले जानकारी दिए । मधेस प्रदेशमा १०७ सांसद छन् । सरकार बनाउन मात्र ५४ सांसद आवश्यक पर्छ । तर सरकारको दाबी गर्न लागेका चार दलसँग ५५ सांसद छन् । अहिले जसपा नेपालका सरोजकुमार यादव मुख्यमन्त्री छन् ।

■■■

## शृंखलाबद्ध भ्रष्टाचारमा...

मुद्दा विचाराधीन रहेकै बेला गत माघ १० गते उनी र नेपाल टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सुनिल पौडेललाई गैरकानुनी सम्पत्ति आर्जन, विदेशी बैंकमा अनुमतिविना खाता सञ्चालन गरेको आयोगमा अख्तियारले नियन्त्रणमा लिएको थियो । पौडेलद्वय अहिले नियन्त्रणमा छन् । उनीहरू दाजुभाइ हुन् । नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेकै बेला अमेरिकी स्थायी आवासीय अनुमतिपत्र लिएको विषय पनि खुलासा भएको थियो । त्यसपछि मुद्दाको रूपमा अख्तियारले अघि बढाएको हो ।

३ वैशाखमा चाहिँ अख्तियारले पावर सिस्टम इन सेक्युरिटी प्रिन्टिङ प्रेस एण्ड प्रेसराइज्ड फचुल स्टोरेज टच्यांकको खरिदमा बदनियतपूर्ण मिलेमतो गरेको दाबी गरेको छ । त्यसबेला टच्यांक खरिदमा पौडेलले राज्यलाई ६९ करोड आठ लाख रूपैयाँ नोक्सान पुर्‍याएको आरोप लगाइएको थियो । उनीमाथि सेक्युरिटी प्रिन्टिङ खरिदमा वास्तविकभन्दा धेरै लागत तयार गरेर स्वीकृत गरेको, सम्झौताविपरीत गुणस्तरहीन इलेक्ट्रिक ट्रान्सफर्मर स्वीकार गरेको, देशमै उत्पादन भएको जेनेरेटर स्वीकार गरी भुक्तानी गरेको आरोप लगाइएको थियो ।

त्यस्तै, खरिद सम्झौताअनुसार काम नगरी संरचना सञ्चालनबापत र आपूर्तिपछिको सेवाबापत अग्रिम तवरमा बढी भुक्तानी दिने र आवश्यकता नै नरहेको र औचित्य पुष्टि हुन नसक्ने बल्क फचुल टच्यांक सिस्टमको खरिद गर्ने कार्यगरी सरकारलाई हानि नोक्सानी तथा सरकारी रकमको दुरूपयोग गरी भ्रष्टाचार गरेको आरोप लगाइएको थियो ।

त्यसबेला अख्तियारले निर्देशक पौडेलसँगै मेकानिकल इञ्जिनियर नवीनकुमार पोखरेल, सहायक निर्देशक रमेशप्रसाद पोखरेल, शाखा अधिकृत मनिकमान महर्जन, लेखा अधिकृत रामबहादुर बुढा, शाखा अधिकृत शिरिष उपाध्याय, इञ्जिनियरिङ मार्केटिङ कन्सर्नका प्रबन्ध निर्देशक रोहितमान प्रधान, मेपटेक बिल्डिङ सर्भिसेस प्रालिका निर्देशक भुवन महर्जन, परामर्शदाता वास्तु शिल्प एसोसिएट्सका प्रबन्ध निर्देशक मित्रलाल गुरौविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

सुरक्षण मुद्रण प्रेस खरिद प्रक्रियामा कमिसन बार्गेनिङ प्रकरणमा भने तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटा पनि जोडिएका थिए । उनले त्यसबेला ७० करोड रूपैयाँ कमिसन मागेको अडियो टेप नै सार्वजनिक भएको थियो । त्यसपछि उनी आलोचित भए । नैतिकताको आधारमा भन्दै राजीनामा दिए । एमाले नेता बाँस्कोटा अहिले पनि प्रतिनिधिसभा सदस्य छन् । तर, उनलाई छानबिनको दायरामा ल्याउने प्रयास नै भएन । बरु, उल्टै उनलाई कमिसन नमागेको भन्दै तत्कालीन प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले सफाइ नै दिएका थिए । यतिबेला भने सुरक्षण मुद्रण प्रेस खरिदमा तत्कालीन कार्यकारी निर्देशक पौडेल नै भ्रष्टाचारमा संलग्न भएको अख्तियारको दाबी छ । उनी हाल हिरासतमा छन् । उनीविरुद्ध अझै थप भ्रष्टाचार मुद्दा दायर हुन सक्ने सम्भावना रहेको अख्तियारले नै जनाएको छ ।

# मिडिया एलाइन्सका अध्यक्ष राजकर्णिकारलाई पत्नीशोक



**काठमाडौं (प्रस)–** मिडिया एलाइन्सका अध्यक्ष एवं एभिन्युज टेलिभिजनका कार्यकारी अध्यक्ष भाष्करराज राजकर्णिकारलाई पत्नीशोक परेको छ । उनकी श्रीमती प्रदिता राजकर्णिकारको ६० वर्षको उमेरमा आइतबार बिहान निधन भएको हो । मुटुसम्बन्धी समस्याका कारण राति करिब साढे एक बजे नर्भिक अस्पतालमा प्रदिताको निधन भएको पारिवारले जानकारी दिएको छ । उनको आइतबार नै पशुपतिस्थित विद्युतीय शवदाह गृहमा अन्त्येष्टी गरिएको छ ।

पशुपतिमा प्रदिता राजकर्णिकारलाई श्रद्धाञ्जली प्रकट गर्न मिडिया एलाइन्सका प्रतिनिधि, व्यवसायी, सञ्चारकर्मी, विभिन्न राजनीतिक दलका नेतालगायतको उपस्थिति रहेको थियो । स्वर्गीय प्रदिताकी एक छोरी छिन् । यसैबीच मिडिया एलाइन्सले शोक विज्ञप्ति जारी गर्दै स्वर्गीय प्रदिताको आत्माको चिर शान्तिको कामना गर्दै परिवारप्रति समवेदना प्रकट गरेको छ ।

# कामिरिताले तोडे आफ्नै कीर्तिमान



**काठमाडौं (प्रस)–** आरोही कामिरिता शेर्पाले आइतबार बिहान २९औं पटक सगरमाथा आरोहण गरी कीर्तिमान कायम गरेका छन् । उनले वसन्त ऋतुको जारी आरोहणमा सगरमाथाको सफल आरोहण गर्दै आफ्नै नाममा रहेको कीर्तिमान तोडेका हुन् ।

पर्यटन विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङका अनुसार कामिरिताले आइतबार बिहान सगरमाथाको चुचुरोमा २९औं पटक पाइला टेकेर विश्वकीर्तिमान बनाएका हुन् । उनका अनुसार यस यामको आरोहण सुरु भएयता आजसम्म ७० भन्दा बढीले सगरमाथा आरोहण गरेका छन् । सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेका ५४ वर्षीय कामिरिता कुशल पर्वतारोही पथप्रदर्शक हुन् ।

सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरोमा पुगेका कामिरिताका नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ । सगरमाथा आरोहणका ७१ वर्षे इतिहासमा सर्वाधिक आरोहण गर्ने एकमात्र कीर्तिमानी आरोही कामिरिता हुन् । अघिल्लो वर्षको वसन्त ऋतुमा सोलुखुम्बुकै पासाङ दावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाएका थिए ।

यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहण गत शुक्रबारदेखि सुरु भएको थियो । आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले शुक्रबार बेलुका सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो । 'सगरमाथा हिमालचुलीको शिखरसम्म मिली बाटो निर्माण (रोप फिक्सिङ) गर्ने काम सम्पन्न भएसँगै टोलीमा संलग्न १० जना आरोहीबाट सगरमाथाको यस सिजनको पहिलो आरोहण सम्पन्न भएको थियो ।

विभागको पर्वतारोहण शाखाका अनुसार यस याममा सगरमाथा आरोहण गर्न ४१ आरोही समूहका ७५ महिला र ३३९ पुरुषसहित ४१४ जनाले अनुमति लिएका छन् । अझै एक/दुई टोली बढ्नसक्ने विभागले अनुमान गरेको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRESTIGE GENERAL SERVICES LLC

पूर्व स्वीकृति मिति: २०८०/११/०१ पून: स्वीकृति मिति: २०८१/०१/३० LT. No. 299732 चलानी नं. ६०२१४८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 75 | 50 | 800 | २९,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loader/Helper | 100 | 0 | 800 | २९,०७३ | | | | | | | |
| 3 | Security Guard | 50 | 20 | 1200 | ४३,६१० | | | | | | | |

कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING ( BR. OF BERKELEY SERVICES UAE LLC

पूर्व स्वीकृति मिति: २०८०/०७/०२ पून: स्वीकृति मिति: २०८१/०१/३० LT. No. 294017 चलानी नं. ६०२१४८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 555 | 100 | 800 | २९,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति:
चितवन-भरतपुर (RED CARPET HOTEL-LAINCHOCK ) १३ जेठ २०८१/26th May. 2024 मा हुनेछ ।
रूपन्देही, बुटवल उपमहानगरपालिका (Asian Party Palace) १४ जेठ २०८१/27th May 2024 मा हुनेछ ।
कास्की,पोखरा लेखनाथ महानगरपालिका (Janapriya HOTEL) १५ जेठ २०८१/28th May 2024 मा हुनेछ ।
काठमाडौं, टोखा नगरपालिका (Manpower Head Office) १६ जेठ २०८१/29th May 2024 मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SAFARI COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/३० LT. No.304597 चलानी नं. ६०२१९३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 32 | 0 | 1000 | ३५,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ७ गते (20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. ६१९/०६३/०६४



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIGMA LIGHT INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति २०८१/०१/३० LT. No. 304562 चलानी नं. ६०२१९३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 9 | 0 | 1000 | ३५५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Govt. License 083/053/054
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLEX FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२६ पून: स्वीकृति मिति २०८१/०१/३० LT. No. 296329 चलानी नं. ६०२११४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Cleaning worker | 75 | 0 | 800 | २९०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ७ गते (20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUJAIN SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/१६ LT. No. 304563 चलानी नं ६०२१९३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 3 | 1000 | ३६,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ७ गते (20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL AQUACULTURE GROUP

पूर्व स्वीकृति मिति २०८१/०१/३० LT. No. 304550 चलानी नं. ६०२१९३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing And Wrapping Worker | 15 | 0 | 1000 | ३५,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shelves Packing Worker | 15 | 0 | 1000 | ३५,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ०७ गते (20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD.
श्रम ईजाजत नं. ८९६/०६७/६८
Samakhusi, Kathmandu, Nepal, Ph No.: +977-01-4357828, 4359518
P.0. Box: 5354, Town Planning, Web:info@dssnepal.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RASHID TRADING AND CONT

पूर्व स्वीकृति मिति २०८१/०१/३० LT. No.304670 चलानी न ६०२१९४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineer Special Construction | 1 | 0 | 5500 | २०१६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 4 | 0 | 1100 | ४०३३२ | | | | | | | |
| 3 | ENGINEER ELECTRICAL | 1 | 0 | 3500 | १२८३३१ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९१६६५ | | | | | | | |
| 5 | General Supervisior | 1 | 0 | 3000 | १९९९८ | | | | | | | |
| 6 | LABOUR | 8 | 0 | 1000 | ३६६६६ | | | | | | | |
| 7 | MASON | 4 | 0 | 1100 | ४०३३२ | | | | | | | |
| 8 | PLUMBER | 4 | 0 | 1100 | ४०३३२ | | | | | | | |

कम्पनी : BLUE GREEN TRADING CONTRACTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/०३/०३ पुन: स्वीकृति मिति २०८१/०१/३० LT. No.287964 चलानी नं: ६०२०३३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 2 | 0 | 4000 | १४६६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 2500 | ९१६६५ | | | | | | | |
| 3 | Accounts-salaries & Wages Clerk | 2 | 0 | 2500 | ९१६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ७ गते (20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AXXON HR SOLUTIONS

पूर्व स्वीकृति मिति २०८१/०१/३० LT. No. 304633 चलानी नं. ६०२१९४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Helper | 50 | 0 | 900 | ३२,७०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा जेठ ७ गते (20th May)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

# त्रिविको जग्गा व्यवस्थापनका लागि उच्चस्तरीय समिति बनाइने



**काठमाडौं (प्रस)–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले त्रिभुवन विश्वविद्यालयको जग्गा व्यवस्थापनका लागि उच्चस्तरीय समिति बनाउने तयारी भइरहेको बताएकी छन्। प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आइतबारको बैठकमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँगको छलफलका क्रममा मन्त्री श्रेष्ठले समितिका लागि टिओआर (कार्य जिम्मेवारी) तयार भइसकेको जानकारी दिइन्।

उनले भनिन्, 'त्रिविको सबै जग्गा छानबिन वा अध्ययन गरौं भन्न समय सीमाका कारण सम्भव हुँदैन । त्यसैले निश्चित् ठाउँमा केन्द्रित भई तीन महिने अवधि दिएर कामका लागि प्रस्ताव तयार गर्दै छौं ।' त्रिविको शैक्षिक पात्रोका लागि विद्यार्थी संघ/संगठनसँग छलफल भएको बताउँदै मन्त्री श्रेष्ठले शैक्षिक पात्रो बनाउने मुख्य भूमिका प्रशासन र कर्मचारी संगठन भएको भन्दै सोका लागि सबैको एउटै धारणा हुनुपर्नेमा जोड दिइन्।

उनले भनिन्, 'जबसम्म दलगत रूपमा रहेका प्रशासन र कर्मचारी संगठनको निचोड एउटै आउँदैन, तबसम्म शैक्षिक पात्रोले पूर्णता पाउँदैन । एउटा कर्मचारी सरुवा गर्दा पनि आन्दोलन गर्ने, धम्की दिने तथा काम गर्नेलाई पनि धम्की दिने काम भइरहेको छ, यो अन्त्य हुनुपर्छ ।' त्रिविमा पटकपटक तालाबन्दीलगायत समस्या राजनीतिक हस्तक्षेपका कारण आएको भन्दै यसको समाधानका लागि राजनीतिक दलका शीर्ष नेतासँग नै छलफल गर्नुपर्ने मन्त्री श्रेष्ठको भनाइ छ । विश्वविद्यालयलाई राजनीतिकरण नगर्न उनले आग्रह गरिन् ।

### शैक्षिक पात्रो सुधार गरी कार्यान्वयन गर्ने उपकुलपतिको प्रतिबद्धता

विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बरालले शैक्षिक पात्रो सुधार गरी त्यसलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा उनले शैक्षिक पात्रो सुधारअनुरूप काम गरिरहेको र तयारी भइरहेको जानकारी दिए ।

'कसरी त्रिविको परीक्षा पात्रो सुधार गर्नुहुन्छ, कसरी परीक्षालाई सुधार गर्नुहुन्छ भन्ने यहाँहरूको जिज्ञासा स्वाभाविक हो,' उनले भने, 'प्रत्येक प्रदेशमा परीक्षा गर्ने र उत्तरपुस्तिका त्यही संकलन र जाँच गर्ने संरचना भन्दै छ, परीक्षालाई विकेन्द्रीकरणलाई व्यावहारिकरूपमै कार्यान्वयन गर्ने हाम्रो योजना छ ।'

उपकूलपति प्रा.डा. बरालले विद्यार्थीलाई जतिसक्दो चाँडो परीक्षाफल दिनका लागि आइटीको प्रयोग गर्ने योजना सुनाए । बजारको मागअनुसार पाठ्यक्रम विश्वविद्यालयको पाठ्यक्रम परिमार्जन गर्ने बताउँदै उनले त्यसपछि बजारले मागेको जनशक्ति उत्पादन गर्नका निम्ति नयाँ-नयाँ कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरे । नेपाल सरकारको शिक्षा नीति, २०७६ मा विदेशी विद्यार्थीलाई आकर्षण गर्नेगरी त्रिभुवन विश्वविद्यालयलाई सुधार गर्नुपर्ने उल्लेख गरिएको छ ।

'कमाउँदै पढ' भन्ने आफ्नो योजना रहेको बताउँदै उनले प्रमाणपत्र मात्रैभन्दा पनि व्यावहारिक र रोजगारमूलक शिक्षा बनाउने तयारी भइरहेको बताए । उनले भने, 'त्रिभुवन विश्वविद्यालयले नेपालको उच्च शिक्षामा करिब ८० प्रतिशत ओगटेको छ, यो विश्वविद्यालय बिग्रिँदा देशको समग्र शिक्षा क्षेत्र नै बिग्रिन्छ भन्ने मेरो योजना, सोचपत्रमा राखेको छु र अहिले पनि हाम्रो मान्यता त्यही नै छ ।' उनले शैक्षिक पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन नहुँदा र समयमा परीक्षफल प्रकाशित नहुँदा पछिल्लो समयमा विश्वविद्यालयप्रति विकर्षण बढ्दै गएको स्वीकार गर्दै अभिभावक र आमजनतामा विश्वविद्यालयप्रति नकारात्मक किसिमको भावना सिर्जना गरेको बताए ।

# विवरण अद्यावधिक नगर्ने सहकारीलाई कारबाही गर्दै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले आफ्नो कार्यक्षेत्रमा सञ्चालित केही सहकारीले नियमितरूपमा विवरण अद्यावधिक नगरेको भन्दै यस्ता सहकारीलाई पहिचान गरी कारबाही गर्ने जनाएको छ ।

हाल कामपामा एक हजार ९५३ सहकारी सञ्चालनमा छन् । जसमध्ये ९५५ ले मात्रै नियमितरूपमा वार्षिक विवरण पेस गर्ने गरेका कामपाले जनाएको छ । कामपा सहकारी विभागका प्रमुख बलराम त्रिपाठीले सञ्चालनमा रहेका ५० प्रतिशतलेमात्रै विवरण पेस गर्ने गरेकाले विवरण पेस नगर्नेका लागि अनुगमन गरी कारबाहीको दायरामा ल्याउनेगरी काम भइरहेको जानकारी दिए ।

नियमानुसार प्रत्येक सहकारीले एक वर्षभरि के गरे र के गर्दै छन् भन्ने विषयमा जानकारी गराउनुपर्ने हुन्छ । प्रमुख त्रिपाठीका अनुसार विवरण पेस गर्नका लागि विभागले दिएको पटक-पटकको सूचनालाई बेवास्ता गरेपछि अनुगमन सुरु गरिसकेको र अनुगमनको क्रममा दोषी ठहर भएकालाई कारबाही सुरु गर्ने तयारी विभागको रहेको छ ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८१/०१/१३ गते काठमाडौं महानगरपालिका, खरिबोट घर अगाडि पार्किङ गरिराखेको अवस्थामा ग्रे, रंगको मोटरसाइकल हराएकाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

नाम : रोकेन पौडेल
बाइक नं.: बा .प्र.०२-३९ प १०९२
च्यासिस नं.: MD2A36FX9MCJ98370
इन्जिन नं. : JIXCCMH 93820
ठेगानाः कामनपा, खरिबोट
सम्पर्कः ९८४०७६४०४४

## घोडाघोडी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सुख्खड, कैलाली
सूदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०१/३१**

यस कार्यालयबाट राष्ट्रिय दैनिकीमा प्रकाशित बोलपत्र सम्बन्धी सूचनानुसार समयावधिभित्र पेश भएको बोलपत्रहरू मध्ये यस कार्यालयको निर्णयानुसार देहाय बमोजिमको बोलपत्र "सारभूतरूपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (रु. भ्याट समेत) |
|---|---|---|---|
| NCB/GMUN/WORK/13/080/081 | Dumping Site Construction Work including Gabion Embankment at Doda River Area (Land Fill Side Area GW) | Premcy Nirman Sewa, Ghodaghodi-9, Pahalmanpur, Kailali | 9738560.48 /- |

प्रमुख प्रशासकीय अधिकृत


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITY GROUP GENERAL TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०१/३० | LT. No. 304601 | चलानी नं.६०२१९३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/HELPER/WORKER | 20 | 0 | 110 | ४७८५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | OFFICE ADMIN ASSISTANT/TEAM LEADER | 5 | | 250 | १०८७७० | | | | | | | |
| 3 | SECURITY GUARD/SECURITY OFFICER/ GUARD/WATCHMAN/WAT | 30 | | 130 | ५६५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
